आन्तरिक लेखापरीक्षण प्रतिवेदन

आर्थिक वर्ष २०७८।७९

सिद्धलेक गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बुङचुङ, धादिङ ।

CamScanner

सिद्धलेक गाँउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङचुङ, धादिङ ।
(आन्तरिक लेखा परीक्षण शाखा)

पत्र संख्या: २०७९।८०
चालानी नं: २९५

मिति:-२०७९।०५।१२

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सिद्धलेक गाँउ कार्यपालिकाको कार्यालय,
बुङचुङ, धादिङ ।

विषय:- आन्तरिक लेखापरीक्षण प्रतिवेदन बारे ।

प्रस्तुत विषयमा विषयमा यस सिद्धलेक गाउँपालिकाको आलेप शाखाबाट स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ को उपदफा २ बमोजिम आ.व. २०७८।७९ को गाउँपालिकाको आय/व्यायको वार्षिक आन्तरिक लेखा परीक्षण कार्य सम्पन्न गरि देखिएका व्यहोराहरुको आन्तरिक लेखा परिक्षण प्रतिवेदन तयार गरि पेश गरेको व्यहोरा अनुरोध छ ।

बोधार्थ:

श्री महालेखा परिक्षकको कार्यालय, काठमाण्डौं ।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाण्डौ
श्री महालेखा नियन्त्रकको कार्यालय, काठमाण्डौ
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, हेटौडा, बागमती प्रदेश ।
श्री प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय, हेटौडा, बागमती प्रदेश ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, धादिङ ।
श्री सिद्धलेक गाउँ कार्यपालिकाको कार्यालय, बुङचुङ, धादिङ ।

विक्रम बहादुर थिङ
आ.ले.प. सहायक
आन्तरिक लेखा परिक्षक

आर्थिक कारोवारको स्थिति

कार्यालयको नाम:- सिद्धलेक गाउँपालिकाको कार्यालय, धादिङ ।

पद	नाम	कार्यरत अवधि	
कार्यालय प्रमुख	श्री नन्दलाल शर्मा	२०७७।०९।०१	२०७९।०३।३२
लेखा प्रमुख	श्री उद्गम तिमिल्सिना	२०७७।०४।०१	२०७९।०३।३२

आयव्यय

गत वर्षको बैंक मैज्दात	यस वर्षको थप	जम्मा रकम	खर्च रकम	बाँकी रकम
७९७७१६९६।१	५५३८५८७२९	६३३६३०४२५।१	५१८१४६५६९।२	११५४८३८५५.९

परिचय:- नेपालको संविधानमा राज्यको मुल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने उल्लेख भएको तथा स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिका, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्नु, स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्ने उद्देश्य सहित स्थापना भएको यस सिद्धलेक गाउँपालिका बागमती प्रदेश धादिङ जिल्लाको बुङचुङमा रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा, ३९ सभा सदस्य, १०६.०९ वर्ग किलोमिटर क्षेत्रफल तथा २२२१२ जना जनसंख्या रहेको छ ।

स्थानीय संचित कोष:- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय व्यय हिसावको आर्थिक वर्ष २०७८।७९ को संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ

सि.नं.	आय तर्फ			सि.नं.	व्याय तर्फ	
	विविरण	रकम	रकम		विविरण	रकम
१	गत वर्षको जिम्मेवारी		७९७७१६९६.०१	१	चालु खर्च	२७७५८२५८२.३
	(क) नगद			२	पूँजिगत खर्च	२४०५६३९८७
	(ख) बैंक	७९७७१६९६		३	वित्तिय व्यवस्था भुक्तानी	
२	राजस्व (आन्तरिक आय)		१०६३१२०५५.१		(क) ऋण भुक्तानी	
	(क) आन्तरिक राजस्व	१८२७३३३३			(ख) ब्याज भुक्तानी	
	(ख) राजस्व बाँडफाड	८८०३८७२२			(ग) अन्य भुक्तानी	
	(ग) अन्य आय					

CamScanner

३	वित्तिय हस्तान्तरण		३७२७२२०३०	४	लगानी	
	(क) वित्तिय समानीकरण अनुदान	१३६७०००००			(क) ऋण लगानी	
	(ख) सशर्त अनुदान	२०९९३२०००			(ख) शेयर लगानी	
	(ग) समपूरक अनुदान	७५१९७६२			(ग) अन्य लगानी	
	(घ) विशेष अनुदान	१८५७०२६८		५	धरौटी फिर्ता	
४	प्रदेश सरकारबाट प्राप्त अनुदान		६३२३३०००	६	कोष खर्च 40%फिर्ता	०
	(क) वित्तिय समानीकरण अनुदान	११९४३०००		६	कोष खर्च	
	(ख) सशर्त अनुदान	१५२९३०००				
	(ग) समपूरक अनुदान	२९९९७०००		७	मौज्दात	
	(घ) विशेष अनुदान	६००००००				
५	सामाजिक सुरक्षा कार्यक्रम				(क) नगद मौज्दात	
६	जनसहभागिता	८२४७९००	८२४७९००			
७	अन्य विविध आय	३३४३७४४	३३४३७४३.९७		(ख) बैक मौज्दात	११५४८३८५५.९
	जम्मा	६३३६३०४२५	६३३६३०४२५.१			६३३६३०४२५.१

ी.नं	लेखा परीक्षणमा देखिएका व्यहोराहरु	बेरूजु
	वित्तीय विवरण:- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको श्रावण १ गते देखी आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरि आय र व्ययको हिसाब राख्नुपर्ने एवं सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्ने व्यवस्था भए बमोजिम आर्थिक कार्य प्रणाली व्यवस्थापन गर्नुपर्दछ।	
	आन्तरिक नियन्त्रण प्रणाली:- स्थानीय सरकार संचालन ऐन, २०७४ को विभिन्न दफाहरुमा उल्लेख भएका व्यवस्था लगायत अन्य प्रचलित कानूनमा व्यवस्था भएका व्यहोराहरु कतिपय पालन नभएका र कतिपय दफाहरुमा उल्लेख भएका प्रावधानहरु आंशिक रुपमा पालन भएको देखियो। अत:पालना नभएका व्यवस्थाहरु र आंशिक रुपमा मात्र पालना भएका व्यवस्थहरु सुधार गर्दै आगामी दिनमा लागु गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखियो। आन्तरिक नियन्त्रण प्रणाली चुस्त बनाउन निम्न व्यहोराहरु पालना गर्नुपर्ने देखिन्छ। • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली बनाई खरिद कार्यलाई प्रभावकारी बनाउने तर्फ कार्यालयले ध्यान दिन आवश्यक देखिन्छ। • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र	

CamScanner

भित्रका विषयहरुमा ऐन तथा सो को अधिनमा रहि नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा गाउँपालिकाले हाल सम्म ३६ ऐन, १० नियमावली, २२ कार्यविधि, ५ निदेशिका, निति १ र १ आचार संहिता समेत ७५ कानुन एवम् कार्यविधि निर्माण गरि कार्यन्वयनमा ल्याएको छ।

- अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालिन खर्च संरचना तयार गरेको पाइएन।
- संस्था दर्ता ऐन, २०७४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरि गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरि दर्ता गर्ने कार्यलाई कार्यन्वयन गरेको देखिएन।
- नागरिक वडा पत्रमा सेवा प्रवाहको लागि लाग्ने दस्तुर, समय, जिम्मेवारी कर्मचारी किटान गरि प्रकाशन गर्नुपर्नेमा सो गरेको छैन।
- सवारी साधान र मेशिनरी सञ्चालनका अभिलेखका लागि मलेप फारमको व्यवस्था गरिएको भएता पनि गाउँपालिकाले सोहि अनुरुप म.ले.प. फारम ९०५ बमोजिम सवारी साधान संचालन लगबुक पूर्ण रुपमा नराखिको र म.ले.प. फारम ९०६ बमोजिम त्यस्ता सवारी साधान र मेशिनरीको मर्मत अभिलेख अद्यावधिक नभएकोले पालिकाले सवारी साधानको मर्मत खाता अद्यावधिक गरि यस सम्बन्धमा हुने खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ।
- भ्रमण खर्च नियमावली २०६४ अनुसार भ्रमणमा जाने कर्मचारीले भ्रमण सम्पन्न भई सके पश्चात भ्रमण प्रतिवेदन पेश गर्नुपर्नेमा भ्रमण प्रतिवेदन पेश नगरि भ्रमण खर्च लेखिएको देखियो। यस कार्यमा सुधार गरि आगामी दिनमा भ्रमण प्रतिवेदन बेगर भ्रमण खर्च भुक्तानी कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ८८ अनुसार सार्वजनिक बेरुजु लगतका लागि मलेप फारमको व्यवस्था गरिएको छ। कार्यालयले सोहि अनुसार बेरुजु लगत अद्यावधिक गरिएको छैन। आगामी दिनमा उक्त कार्यमा सुधार गर्नुपर्ने देखिन्छ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्नुपर्नेमा सो गरिएको छैन। तसर्थ कार्यालयले सो कार्य गर्नुपर्दछ।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सि खाता राख्नुपर्नेमा सो राखिएको छैन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्य सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा सो कार्य गरिएको पाइएन। आगामी दिनमा उक्त कार्यमा सुधार गर्नुपर्ने देखिन्छ।
- पालिकाले आयोजना, कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरि कार्यन्वयन गर्नपर्ने देखिन्छ।
- संचालित योजनाको सूचना पाटीमा आय व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पन्न लगायतका विषयमा स्पष्ट गरि सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परिक्षणलाई अनिवार्य गर्नपर्नेमा सो गरेको छैन।

CamScanner

- निजामति सेवा ऐन, २०४९ को दफा ७ ख २ बमोजिम तलबि प्रतिवेदन पास गरि तलबी खर्च लेख्नु पर्नेमा सो गरेको छैन । तसर्थ तलबी प्रतिवेदन पास गरि तलब भुक्तानि गर्नुपर्ने देखिन्छ ।
- तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वासनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

बजेट तथा कार्यक्रम

बजेट पेश, पारित र अख्तियारी:- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरि असार मसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले मिति २०७८।०३।१० मा नीति तथा कार्यक्रम एवम् रु ६४ करोड २६ लाख ३१ हजार ८ सय ५२ रुपैयाँ १ पैसाको बजेट पेश भई २०७८।०३।२८ गते पारित भएको छ । सोहि ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था बमोजिम यस गाउँपालिकाले २०७८।०४।०३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको छ ।

बजेट तथा कार्यक्रम तर्जुमा:- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी आ.व.को नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, बिषय क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था रहेकामा संघीय सरकार, प्रदेश सरकार अन्तर्गतका निकायबाट संचालित योजना र गाउँपालिकाबाट संचालित योजना बीच दोहोरोपन आउन नदिन आवश्यक समन्वय सहयोगको प्रणाली स्थापित गरि योजना तथा कार्यक्रम दोहोरो तथा तेहोरो रुपमा संचालन नगरि बजेट एकै ठाँउबाट संचालन गर्ने व्यवस्थाको लागि विगतको समेत अभिलेख अद्यावधिक गर्ने कार्यमा कार्यालयले विशेष ध्यान दिन आवश्यक देखिन्छ ।

समन्वय:- गाउँपालिकाले आफ्नो वार्षिक कार्यक्रम प्रदेश र संघीय सरकार वा निकायलाई र संघीय सरकार र प्रदेश सरकारको निकायबाट गाउँपालिका भित्र गरिने कार्यको जानकारी गाउँपालिकालाई गराई समन्वयात्माक किसिमले कार्य गर्ने संयन्त्रको विकास गर्नुपर्दछ ।

क्षेत्रगत बजेट:- स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासको लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरि खर्च गर्नुपर्ने हुन्छ । पालिकाको आ.व. २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।

सि.नं.	क्षेत्र/उपक्षेत्र	विनियोजन	खर्च	प्रतिशत
१	आर्थिक विकास	९४७०५०९९.४२	५५९०४८००.५७	५९.०३
२	सामाजिक विकास	३०२२६०६०२.५९	२५५८४४५७९.८३	८४.६४
३	पूर्वाधार विकास	१८३४१३७५०	१३८०३५८८०.६९	७५.२६
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	३२११०००	२२६९५२७.९४	७०.६८
५	कार्यालय संचालन तथा प्रशासनिक	८६७२५४००	६६०९१७८०	७६.२१
	कुल जम्म	६७०३१५८५२.०१	५१८१४६५६९.०३	७७.३

ठेक्का व्यवस्थापन:- सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ मा सार्वजनिक निकायले खरिद कार्य गर्दा तोकिए बमोजिमको अवस्थामा र खरिद मुल्यको आधारमा खरिद विधि निर्धारण गर्ने र प्रदेश आर्थिक कार्यविधि

CamScanner

नियमावली २०७६ मा बजेट तथा कार्यक्रम तयार गर्दा लागत अनुमान तयार गर्ने ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा समाप्त गर्ने गरि व्यवस्था मिलाउनुपर्ने उल्लेख छ। कार्यालयले यो बर्ष ३० वटा ठेक्का व्यवस्था भएको देखिन्छ।। कार्यालयले नियमानुसार समयमा नै ठेक्का बन्दोबस्त गरि कार्य सम्पन्न गर्ने तर्फ सुधार गर्न आवश्यक छ।

खर्च प्रगति:- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ (१) मा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसुचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ। यस गाउँपालिकाको त्रैमसिक विवरण निम्नानुसार देखियो।

सि.नं.	खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च		
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक
१	सबै	५१८१४६५६९	७७२९७१०२	१४६८१११२०	२९४०३८३४७

कुल खर्च रकमको ५६ प्रतिशत रकम तेस्रो चौमासिकमा भएको दखियो। तसर्थ बर्षान्तको अन्त्यमा काम गराउदा कामको गुणस्तरमा असर पर्ने भएकोले बर्षान्त अघि नै समयमा नै कार्य सम्पन्न गरि खर्च गर्ने कार्यमा सुधार गर्नुपर्ने देखिन्छ।

योजना र कार्यान्वयन:- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामुलक, उत्पादन मुलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउदा मध्यम तथा दीर्घकालिन प्रकृतिको योजनाहरुको सूची समेत तयार गरि कार्यन्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। कार्यालयले योजना छनोट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालिन प्रकृतिको ठुला योजनाको छनौट नगरी स-साना टुक्रे योजनामा ठुलो मात्रमा बजेट छुट्याएको छ। साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दीर्घकालिन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरि ठुलो योजना छनौटलाई प्राथमिकताम राख्नुपर्दछ। यस वर्ष संचालन भएका कामका योजनाहरु देहायअनुसार छन।

क्र.सं	विवरण	योजना संख्या
१	१ लाख सम्मको योजना	९३
२	१ लाख देखी ५ लाख सम्म	१५९
३	५ लाख देखि २५ लाख सम्म	३१
४	२५ लाख देखी ५० लाख सम्म	८
५	५० लाख भन्दा माथि	१२

सेवा प्रवाह:- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (च) स्थानीय तहले स्थानीय सेवाको व्यवस्थापन, स्थानीय तथ्याङ्क लगायतको सेवा उपलब्ध गराउनुपर्ने व्यवस्था अनुसार यस गाउँपालिकाले यस आ व मा पंजिकरण सम्बन्धी सेवा प्रवाहको विवरण तपशिल बमोजिमको देखियो।

वडा नं/शीर्षक	जन्मदर्ता	विवाहदर्ता	सम्बन्ध विच्छेद	बसाईसराई	मृत्युदर्ता	जम्मा
१	१०१	४५	६	१५	२२	१८९
२	१२२	५४	३	१३	३५	२२७
३	१०१	५७	१	४	२९	१९२
४	१०६	४८	१	३	२५	१८३
५	११९	६७	१	५	२९	२२१
६	११५	५०	३	१०	२८	२०६
७	१२८	८२	५	७	३५	२५७
जम्मा	७९२	४०३	२०	५७	२०३	१४७५

CamScanner

१.	**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन:-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारि समायोजन भए पछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। पालिकाले पेश गरेको स्वीकृत दरबन्दी चार्ट अनुसार प्रमुख प्रशासकीय अधिकृत समेत कुल दरबन्दी संख्या ५८ जना रहेकोमा २८ जना स्थायी र दरबन्दि भित्र करारमा १६ जना दरबन्दी बहिर करार १७ जना गरि कुल ६० जना पदपुर्ति भएको देखिन्छ। स्थायी दरबन्दि तर्फ १७ जना कर्मचारी रिक्त रहेको देखियो। जसमध्ये प्राविधिक तर्फ ११ जना पद रिक्त रहेको देखियो। जसले गर्दा गाउँपालिकाको सेवा प्रवाहमा असर पार्ने हुदा यथासिघ्र स्थायी पदपुर्ति गर्ने तर्फ कार्यालयले विशेष ध्यान दिनुपर्ने देखियो।	
२.	**करार कल्याणकारी कोष:-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९१ (१) मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारी नीजको सेवा, शर्त सम्बन्धी कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण औषधि लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ। उक्त ऐन को नियम ९१(२) अनुसार आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीहरुले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत कट्टा गरि सो रकम बराबर हुन आउने रकम थप गरि जम्मा गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष कर्मचारि कल्याण कोषमा रु १० लाख बजेट बिनियोजन गरेको भएता पनि केहि काम नभएको हुँदा आगामी दिनमा उपदान कोष संचालन कार्यविधि बनाई यसलाई चलायमान बनाउनुपर्ने देखिन्छ।	
३.	**विविध खर्च:-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रहि औचित्याको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यस आ.व. मा विविध खर्चमा ४४ लाख ९० बजेट बिनियोजन गरेकोमा ४० लाख ५४ हजार ४ सय ९४ रुपैयाँ ११ पैसा खर्च भएको देखिन्छ। आन्तरिक आय न्यून रहेको पालिकामा विविध तथा अन्य फजुल खर्च जस्ता विषयमा खर्च मितव्ययी गराउनुपर्दछ।	
४.	**आर्थिक सहायता:-** स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिदैन। पालिकाले यस वर्ष अन्य सहायता खर्च शीर्षकबाट ६ करोड ८३ लाख ४४ हजार २ सय ४२ रुपैयाँ खर्च गरेको देखियो। आर्थिक सहायता सम्बन्धी कार्यविधि तयार गरी यस्तो खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।	
५.	**सभा संचालन खर्च:-** सार्वजनिक निकायले चालू प्रकृतिको खर्चलाई मितव्ययी तवरले खर्च गरि पूँजिगत खर्चमा बढवा दिनुपर्ने व्यवस्था रहेकोमा पालिकले यस वर्ष सभा संचालन गर्नको लागि रु ६ लाख रुपैयाँ विनियोजन गरिएकोमा कुल रु ५ लाख ५९ हजार ३ सय ५५ रुपैयाँ खर्च भएको छ। चालू प्रकृतिको खर्चमा मितव्ययी कायम गर्नुपर्दछ।	
.	**सल्लाहकार:-** बागमती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधनमा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन। त्यसै गरि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ (८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपुर्ती गर्न नहुने उल्लेख गरिएको छ। तर सल्लाहकारको रुपमा रा.प.अनं. प्रथम स्तर तलब भत्ता र महङ्गी भत्ता भुक्तानी हुने गरि नियुक्ती गरि मासिक रु ३०२०० का दरले कार्यालयले खर्च लेखेको छ। आगामी दिनमा कार्यालयले बागमति प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐनको पालन गरि यस्तो प्रकृतिको खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।	

CamScanner

७. **न्यायिक न्याय सम्पादनः-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार गाउँपालिकाको उपाध्यक्षको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ । न्यायिक समितबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादनको अवस्था देहाय बमोजिम रहेको देखियो ।

अल्या	यस वर्ष थप	जम्मा	फछर्यौट संख्या	माथिल्लो निकायमा रिफर	मौज्दात
२	९	११	३	0	८

उजुरी दर्ता किताब अध्यायन गर्दा वर्षान्तको अन्यमा धेरै उजुरी परेकोले समयमा नै फछर्यौट भएको देखिएन । अतः मौज्दात रहेको न्यायिक निवेदन समयमै फछर्यौट गरि न्यायिक सम्पादन छिटो, छरितो र प्रभावकारी बनाउनुपर्दछ ।

८. **निर्माण कार्यको लागत अनुमानः-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ (२) मा सार्वजनिक निर्माणको लागत अनुमान तयार गर्दा गुणस्तर परिक्षण र बिमा खर्चको लागि रकम व्यवस्था गर्नुपर्ने व्यवस्था रहेको छ । गुणस्तर परिक्षणको लागि कुनै पनि योजनामा रकमको छुट्टै प्रबन्ध गरेको पाइएन । गाउँपालिकाबाट संचालन कुनै पनि योजनामा गुणस्तर परिक्षण गरेको प्रमाणहरु संलग्न नरहेकोले निर्माण भएका संरचनाहरुको गुणस्तर परिक्षण गरि खर्च गर्ने कार्यमा बिशेष ध्यान दिनुपर्ने देखिन्छ ।

९. **कन्टेन्जेन्सी खर्चः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियममा कुनै पनि योजनामा छुट्याएको कन्टेन्जेन्सी रकम सम्बन्धित योजनामा मात्र प्रयोग गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले कन्टिन्जेन्सी बापतको रकम उक्त सम्बन्धित योजना बाहेक अन्य कार्यमा समेत खर्च गरेकोले कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यविधि / निर्देशिका बनाई यस कार्यमा सुधार गर्नुपर्दछ ।

१०. **आन्तरिक आयः-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५४ अनुसार स्थानीय तहले आफ्नो क्षेत्र भित्र कानुन अनुसार कर लगाउने तथा असुल गर्न सक्ने व्यवस्था रहेको छ । जस अनुसार गाउँपालिकाले यस वर्ष विभिन्न शीर्षकमा तपशिल बमोजिम आम्दानी गरेको देखिन्छ ।

वडागत आय विवरणः

वडा नं / शीर्षक	सम्पति कर/ मालपोत		जम्मा	सेवाशुल्क दस्तुर		जम्मा	कुल रकम
	रसिदबाट	अनलाइनबाट		रसिदबाट	अनलाइनबाट		
१	११२३९८	१३९४९९.१५	२५१८९७.१५	७२४५०	६०४७६८.७८	६७७२१८.७८	९२९११५.९३
२	१५०९८	१९३७२८.८५	२०८८२६.८५	१७३७०	६९१६७५.७३	७०९०४५.७३	९१७८७२.५८
३	५२२१	१२१६३०	१२६८५१	४६००	२५९०४५.५७	२६३६४५.५७	३९०४९६.५७
४	०	२५७४१८.२	२५७४१८.२	०	४१७७८४.२	४१७७८४.२	६७५२०२.४
५	५४६३९	१७४०६९	२२८७०८	२२०८९	३५३८२९.५९	३७५९१८.५९	६०४६२६.५९
६	३४८४५	१२७५२०	१६२३६५	१५६५०	२९९९७४.८९	३१५६२४.८९	४७७९८९.८९
७	३६०४६	२०७९१९	२४३९६५	७४४२५	७२२५६२.१९	७९६९८७.१९	१०४०९५२.१९
जम्मा	२५८२४७	१२२१७८४.२	१४८००३१.२	२०६५८४	३३४९६४०.९५	३५५६२२४.९५	५०३६२५६.१५

समग्र पालिकाको आय विवरण

क्र.सं	शीर्षक	अनुमानित आय रकम	यथार्थ रकम	कैफियत
१	एकीकृत सम्पति कर	१३०००००	१४३७४६८	
२	भुमिकर/ मालपोत	५००००	४२५६३.५	
३	घर बहाल कर	१०००००	१७१९१४.८	

CamScanner

४	बहाल बिटौरी कर	५०००००	०	
५	पूर्वधार सेवाको उपयोगमा लाग्ने कर	८०००००	३७५००५	
६	व्यवसायले भुक्तानी गर्ने	५००००	३१४२५०	
७	व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने	१०००००	३५०००	
८	अन्य प्रशासनिक सेवा शुल्क	२४५००००	५६१२५१८.२१	
९	दहत्तर बहत्तर शुल्क	२५६०००००	२४८४२११.७९	
	जम्मा	३०९५००००	१०४७२९३१.३	

पालिकाले तयार गरेको विवरण अनुसार पालिकाले यस वर्ष कुल ३ करोड ९ लाख ५० हजार राजश्व संकलन गर्ने लक्ष्य लिएकोमा रु १ करोड ४ लाख ७२ हजार राजश्व संकलन गरेको देखिन्छ । पालिकाले निर्धारण गरेका करका दरहरुमा पुनरावलोकन गरि दायराहरु विस्तार गरेर आन्तरिक आय वस्तुनिष्ठ तरिकाले अनुमानित गरि राजश्व असुल गर्नुपर्ने देखन्छ ।

१. **व्यवसाय कर:-** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्य क्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तीहरुबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले यस वर्ष व्यवसाय कर वापत रु ३५००० मात्र असुल गरि दाखिला गरेको छ । गाउँपालिकाले आफ्नो क्षेत्र भित्र हरेका व्यवसायहरुको अभिलेख अद्यावधिक गरेको छैन । तसर्थ आफ्नो क्षेत्र भित्र रहेका सम्पुर्ण व्यवसायीहरुको विवरण अद्यावधिक गरि करको दायरा भित्र ल्याउनु पर्दछ ।

२. **विज्ञापन कर:-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेको व्यवसायिक विज्ञापनहरुको करका दर निर्धारण र संकलन गाउँपालिकाले गर्ने व्यवस्था भए अनुसार गाउँपालिकाले यस आ.व. मा कुनै पनि विज्ञापन कर संकलन गरेको छैन । तसर्थ गाउँपालिकाले आर्थिक ऐनमा रहेको विज्ञापनका दर अनुसार गाउँपालिका क्षेत्र भित्र रहेको विज्ञापनहरुलाई करको दायरा भित्र ल्याई कर असुल गर्नुपर्ने देखियो ।

३. **घर जग्गा बहाल कर:-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५७ अनुसार गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर, पसल, ग्यारेज, गोदाम, टहरा, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा बहालमा दिएमा बहालमा लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था भए अनुसार यस गाउँपालिकाले यस आ.व. मा १ लाख ७१ हजार ९ सय १४ रुपैयाँ असुल गरेको देखिन्छ । गाउँपालिकाले बहाल कर सम्बन्धमा घर सर्वेक्षण गरि तथ्याङ्क अद्यावधिक गरि करको दायरामा अधिवृद्धि गर्नुपर्ने देखियो ।

४. **जडीबुटी, कवाडी,जीवजन्तु तथा निकासी कर:-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६१ मा गाउँपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल, प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्ते प्रकृतिको वस्तुहरुको व्यावसायिक उपयोग गरे वापत गाउँपालिकाले जडिबुटी, कवाडि तथा जीवजन्तु कर लगाउन पाउने व्यवस्था रहेको छ । गाउँपालिकाले आर्थिक ऐन २०७८ मा उक्त शीर्षकमा करका दरहरु निर्धारण गरेता पनि कर असुल गरेको देखिएन । यस गाउँपालिका तरकारी जोन अन्तर्गत पर्ने र बर्षौंनी गाउँपालिकाबाट करोडौंको

तरकारी व्यापारीले निकासी गर्ने हुँदा गाउँपालिकाले गाउँपालिकाको आर्थिक ऐनमा व्यवस्था भए बमोजिमका दरमा निकासी कर संकलन गरि आन्तरिक आय वृद्धि गर्ने तर्फ पहल गर्नुपर्दछ ।

५. **राजस्व रसिद विवरण:-** गाउँपालिकाले कारदाता वा सेवाग्राहीबाट प्राप्त गर्ने राजस्व रसिदको विवरण निम्नानुसार रहेको देखियो ।

एकीकृत सम्पति कर जम्मा छपाई संख्या:- ००१ देखी ४६५० सम्म ९३ प्याड				
क्र.सं.	रसिद नं		प्याड संख्या	बुझिलिने
	देखि	सम्म		
१	१	२००	४	सन्तोष सिलवाल (वडा २)
२	२०१	४००	४	तारानाथ सिलवाल (वडा५)
३	४०१	६००	४	बुद्धिलाल श्रेष्ठ (वडा ६)
४	६०१	६५०	१	गिर्वाणयुद्ध अधिकारी (वडा ३)
५	६५१	८५०	४	कमल नेपाली (वडा १)
६	८५१	११००	५	जनक कुमार मगर (वडा ७)
७	११०१	११५०	१	सञ्जय अर्याल (वडा ४)
८	११५१	१४५०	६	अनिल दुवाडी (वडा १)
जम्मा			२९	मौज्दात संख्या ६४

नगदि रसिद (वडा) जम्मा छपाई संख्या:- ००१ देखी ७३०० सम्म १४६ प्याड				
क्र.सं.	रसिद नं		प्याड संख्या	बुझिलिने
	देखि	सम्म		
१	१	२००	४	सन्तोष सिलवाल (वडा २)
२	२०१	४००	४	तारानाथ सिलवाल (वडा५)
३	४०१	६००	४	बुद्धिलाल श्रेष्ठ (वडा ६)
४	६०१	६५०	१	गिर्वाणयुद्ध अधिकारी (वडा ३)
५	६५१	८५०	४	कमल नेपाली (वडा १)
६	८५१	११००	५	जनक कुमार मगर (वडा ७)
७	११०१	११५०	१	सञ्जय अर्याल (वडा ४)
जम्मा			२३	मौज्दात संख्या १२३

मालपोत रसिद जम्मा छपाई संख्या:- ००१ देखी २५०० सम्म ५० प्याड				
क्र.सं.	रसिद नं		प्याड संख्या	बुझिलिने
	देखि	सम्म		
१	१	१००	२	सन्तोष सिलवाल (वडा २)
२	१०१	१५०	१	तारानाथ सिलवाल (वडा५)
३	१५१	२००	१	बुद्धिलाल श्रेष्ठ (वडा ६)
४	२०१	२५०	१	गिर्वाणयुद्ध अधिकारी (वडा ३)
५	२५१	३५०	२	कमल नेपाली (वडा १)
६	३५१	४००	१	जनक कुमार मगर (वडा ७)
७	४०१	४५०	१	सञ्जय अर्याल (वडा ४)
जम्मा			९	मौज्दात संख्या - ४१

पालिका नगदि रसिद सुरुमा जम्मा रसिद छपाई संख्या:- ००१ देखी ३६०० सम्म ७२ प्याड				
सि.नं	रसिद नं	प्याड	बुझिलिनेको नाम	कैफियत

	देखी	सम्म	संख्या		
१	१	१००	२	भोज बहादुर भुजेल (का.स.)	
२	१०१	२००	२	सन्तोष श्रेष्ठ (पशु सेवा शाखा)	
३	२०१	२५०	१	विक्रम बहादुर थिङ (राजस्व शाखा)	
४	२५१	४५०	४	राजेन्द्र शर्मा नेपाल (कृषि प्राविधिक)	
५	४५१	७५०	६	भोज बहादुर भुजेल (का.स.)	
६	७५१	८००	१	विक्रम बहादुर थिङ (राजस्व शाखा)	
७	८०१	९५०	३	भोज बहादुर भुजेल (का.स.)	
८	९५१	१०००	१	राजेन्द्र शर्मा नेपाल (कृषि प्राविधिक)	
९	१००१	१०५०	१	सन्तोष श्रेष्ठ (पशु सेवा शाखा)	
१०	१०५१	१७५०	१४	भोज बहादुर भुजेल (का.स.)	
११	१७५१	१८५०	२	सन्तोष श्रेष्ठ (पशु सेवा शाखा)	
१२	१८५१	२०००	३	भोज बहादुर भुजेल (का.स.)	
१३	२००१	२३००	६	भोज बहादुर भुजेल (का.स.)	
१४	२३०१	२४००	२	सन्तोष श्रेष्ठ (पशु सेवा शाखा)	
१५	२४०१	२५००	२	सविन मगर (सिद्धलेक-7)	
१६	२५०१	२६००	२	भोज बहादुर भुजेल (का.स.)	
१७	२६०१	२८००	४	सविन मगर (सिद्धलेक-7)	
१८	२८०१	२९००	२	भोज बहादुर भुजेल (का.स.)	
१९	२९०१	३०००	२	सविन मगर (सिद्धलेक-7)	
२०	३००१	३१००	२	भोज बहादुर भुजेल (का.स.)	
२१	३१०१	३५००	८	सविन मगर (सिद्धलेक-7)	
२२	३५०१	३६००	२	भोज बहादुर भुजेल (का.स.)	
कुल जम्मा			७२		NIII

थप जम्मा रसिद छपाई संख्या:- ३६०१ देखी ८६०० सम्म १०० प्याड

सि.नं	रसिद नं		प्याड संख्या	बुझिलिनेको नाम	कैफियत
	देखी	सम्म			
१	३६०१	३७००	२	सुनिता मगराती (पशु सेवा प्राविधिक)	
२	३७०१	३८००	२	सन्तोष श्रेष्ठ (पशु सेवा शाखा)	
३	३८०१	४१००	6	सविन मगर (सिद्धलेक-7)	
४	४१०१	४२००	२	भोज बहादुर भुजेल (का.स.)	
५	४२०१	४३००	२	सविन मगर (सिद्धलेक-7)	
६	४३०१	४४००	२	भोज बहादुर भुजेल (का.स.)	
७	४४०१	४७००	६	सविन मगर (सिद्धलेक-7)	
८	४७०१	४८००	२	संचिता कुमारी थापा (पशुसेवा शाखा)	
९	४८०१	५०००	४	भोज बहादुर भुजेल (का.स.)	
१०	५००१	५१००	२	सविन मगर (सिद्धलेक-7)	
११	५१०१	५२००	२	भोज बहादुर भुजेल (का.स.)	
१२	५२०१	५३००	२	संचिता कुमारी थापा (पशुसेवा शाखा)	
१३	५३०१	५३५०	१	विक्रम बहादुर थिङ (राजस्व शाखा)	
१४	५३५१	५४००	१	सुनिता मगराती (पशु सेवा प्राविधिक)	
१५	५४०१	५५००	२	संचिता कुमारी थापा (पशुसेवा शाखा)	
कुल जम्मा			३८		६२

कम राजस्व दाखिला:- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २७ बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने अवस्थामा कार्यालय प्रमुखले

	कारण उल्लेख गरि सात दिन भित्र बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाको वडाहरुले कतिपय १५ दिनमा र कतिपयले मासिक रुपमा मात्र दाखिला गर्ने गरेकोले समयमा नै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षले ध्यान दिन आवश्यक छ। गाउँपालिका क्षेत्रबाट उत्खनन् तथा निकासी हुने ढुङ्गा गिट्टी बालुवाको निकासी कर संकलन गर्न वडा नं ७ निवासी सविन मगरसंगको २०७८।९।२ गतेको सम्झौता पत्र अनुसार नीजले प्रयोग गरेको यस गाउँपालिकाको नगदि रसिदबाट कुल रकम रु १७४३०४५ कट्टा गरेकोमा नीजले जम्मा रु १४६८९६० मात्र बैक दाखिला गरेकोले दाखिला गर्नुपर्ने बाँकी रकम रु २७४०८५असुल गरि सम्बन्धित राजस्व खातामा दाखिला हुनुपर्ने।	२७४०८५
२७.	**स्थानीय पूर्वाधार सडक उपयोग सेवा शुल्क:-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ खण्ड घ (२)मा स्थानीय तहले आफैले निर्माण गरेका सडकहरुमा स्थानीय पुर्वधार तथा सेवाको शुल्क निर्धारण संकलन र व्यवस्थापन गर्ने पाउने व्यवस्था र यस सिद्धलेक गाउँपालिकाको आर्थिक ऐन २०७८ को दफा ७ अनुसूचि ६ (२) बमोजिम चालु आ.व. २०७८।७९ को लागी गा.पा आफैले निर्माण गरेका सडकहरुमा ठेक्का बन्दोबस्त गरेकोमा निम्न अनुसार व्यहोरा देखियो । • नलाङ क्लष्टर अन्तर्गत गर्ने ४ वटा सडकहरुको रु ५ लाख ५० हजार, सलाङ क्लष्टर अन्तर्गत पर्ने २ वटा सडक अन्तर्गत रु २ लाख र कुम्पुर क्लष्टर अन्तर्गत पर्ने ५ वटा सडकहरुको रु ७ लाख ५० हजार आय अनुमान गरि २०७८।४।५ गते प्रथम पटक प्रत्युस दैनिकमा १५ दिने सार्वजनिक सूचना प्रकाशन गरेकोमा एउटा मात्र फर्मको सिलबन्दि दरभाउ पत्र पेश भएकोले पून: २०७८।४।२१ गते दोस्रो पटक सूचना प्रकाशन गरेको देखियो। • दोस्रो पटक पनि एउटा मात्र फर्म ईरोज निर्माण सेवा गजुरीले कुम्पुर क्लष्टरको लागि मात्र सिलबन्दी दरभाउ पत्र पेश गरेकोमा २०७८।५।२० गते कबोल अंक रु ७ लाख ५० हजार २ रुपैयाँको ५० प्रतिशतले हुन आउने रकम रु ३ लाख ७५ हजार ५ रुपैया गाउँपालिकाको आन्तरिक राजस्व खातामा जम्मा गरि रु ४ लाखको कृषि विकास बैकको बैंक जमानत पत्र संलग्न गरि बाँकी किस्ता रकम रु ३७४९९७ रुपैयाँ जेठ मसान्त भित्र बुझाउने गरि सम्झौता भएकोमा उक्त निर्माण सेवाले बाँकी किस्ता बापतको रकम रु ३ लाख ७४ हजार ९ सय ९७ रुपैयाँ असार मसान्त सम्म बैंक दाखिला नगरेकोले उक्त रकम असुल गरि बैंक दाखिला गर्नुपर्ने। • ठेक्का नपरेको बाँकी क्लष्टरहरु विभिन्न मितिमा पटक पटक सूचना प्रकाशन गर्दा पनि कुनै पनि फर्म/कम्पनिले दरभाउ पत्र पेश गरेको देखिएन	३७४९९७ ।००
२८.	**ढुङ्गागिट्टी बालुवा तर्फ:-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११को उपदफा २ खण्ड घ (६)मा स्थानीय तहले आफ्नो स्थानीय क्षेत्रभित्रको ढुङ्गागिट्टी,वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरिढुङ्गा आदि प्रकृतिक एंव खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर संकलन गर्न पाउने व्यवस्था र यस गाउँपालिकाको आर्थिक ऐन २०७७ को दफा १६ अनुसुचि१५ बमोजिम यस गाउँपालिका क्षेत्र भित्रका नदिजन्य पदार्थको संकलन तथा निकासी शुल्क वापतको रकम संकलन गर्ने उद्देश्यले ठेक्का नं **IR/IFB/01/078/79** को बोलपत्र आह्वान गरेकोमा निम्नानुसारको व्यहोरा देखियो। • प्रथम पटक मिति २०७८।४।१ गते गोरखा पत्र राष्ट्रिय दैनिकमा रु २,५६,००,०००। मा ३० दिने, २०७८।५।९ गते १५ दिने सार्वजनिक सूचना प्रकाशन गरेकोमा कुनै पनि कम्पनीले सिलबन्दि दरभाउ पत्र पेश नगरेकोले २०७८ असोज ५ गतेको चौंथो कार्यपालिकाको निर्णय अनुसार IEE को प्रतिवेदन र संकलन गर्न सक्ने अवधीको आधारमा कुल रु २,१३,६१,१५८ मा नघट्ने गरि पून: तेस्रो पटक ७ दिने सार्वनिक सूचना प्रकाशन गरेको देखियो।	

CamScanner

- तेसो पटकमा पनि कुनै पनि फर्म / कम्पनीले बोलपत्र पेश नगरेकोले २०७८।७।२२ गतेको ६ औं कार्यपालिकाको निर्णय अनुसार IEE को प्रतिवेदन र संकलन गर्न सक्ने अवधीको आधारमा कुल रु १,७६,५८,५५७ मा नघट्ने गरि पून: चौंथो पटक ७ दिने सार्वजनिक सूचना प्रकाशन गरेको देखियो। उक्त अवधिमा पनि कुनै पनि फर्म / कम्पनीले बोलपत्र पेश नगरेकोले २०७८।८।२२ गतेको ७ औं कार्यपालिकाको निर्णय अनुसार IEE को प्रतिवेदन र संकलन गर्न सक्ने अवधीको आधारमा कुल रु १,५२,८५,०९५ मा नघट्ने गरि पून: पाँचौं पटक ७ दिने सार्वजनिक सूचना प्रकाशन गरेको देखियो।
- उक्त अवधिमा पनि कुनै पनि फर्म / कम्पनीले बोलपत्र पेश नगरेकोले २०७८।९।१२ गतेको ९ औं कार्यपालिकाको निर्णय अनुसार IEE को प्रतिवेदन र संकलन गर्न सक्ने अवधीको आधारमा कुल रु १,४३,३५,७१० मा नघट्ने गरि पून: छौंटौ पटक ७ दिने सार्वजनिक सूचना प्रकाशन गरेको देखियो। उक्त अवधिमा पनि कुनै पनि फर्म / कम्पनीले बोलपत्र पेश नगरेकोले २०७८।११।१६ गतेको १३ औं कार्यपालिकाको निर्णय अनुसार IEE को प्रतिवेदन र संकलन गर्न सक्ने अवधीको आधारमा कुल रु १,००,०६,०७१ मा नघट्ने गरि पून: सातौं पटक ७ दिने सार्वजनिक सूचना प्रकाशन गरेको देखियो।
- सातौं पटक सम्म सूचना प्रकाशन गर्दा समेत कुनै पनि फर्म / कम्पनीले बोलपत्र पेश नगरेकोले गाउँ कार्यपालिकाको मिति २०७८।१२।१ गतेको निर्णय अनुसार ठेक्का सूचना प्रकाशन नगरि अमानतबाट संकलन गर्ने निर्णय गरेको देखिन्छ।

सातौं पटक सम्म पटक पटक ठेक्का रकम संशोधित गरि सूचना प्रकाशन गर्दा समेत ठेक्का बन्दोबस्त हुन नसकेकोले न्यून आय भएको पालिकालाई आर्थिक भार थपिएको र कतिपय विकास निर्माणको कार्य समेत हुन नसकेकोले कार्यालयले पुन: IEE गरि वस्तुनिष्ट तरिकाले आय अनुमान गरि ठेक्का बन्दोबस्त गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

९. **अमानतबाट दहत्तर बहत्तर शुल्क :-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११को उपदफा २ खण्ड घ (६)मा स्थानीय तहले आफ्नो स्थानीय क्षेत्रभित्रको ढुङ्गागिट्टी,वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरिढुङ्गा आदि प्रकृतिक एंव खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर संकलन गर्न पाउने व्यवस्था र यस गाउँपालिकाको आर्थिक ऐन २०७७को दफा १६ अनुसुचि१५ बमोजिम यस गाउँपालिका क्षेत्र भित्रका नदिजन्य पदार्थको संकलन तथा निकासी विविरण तपशिल बमोजिमको देखियो।

कुल रकम	मु.अ.कर	प्रदेश (४०%)	आम्दानी (६०%)
४६७८४९६	५३८२३३.३५	१६५६०४४	२४८४२१८.६५

गाउँपालिका चालु:

१०. **छुट नलिएको:-** पत्रपत्रिकामा सुचना प्रकाशन गर्दा २५ प्रतिशत सम्म छुट दिएको पाईन्छ। गाउँपालिकाले विभिन्न पत्रपत्रिकामा सूचना प्रकाशन बापतको भुक्तानीमा गोरखापत्र राष्ट्रिय दैनिक बाहेक अन्य कुनै पनि पत्रिकले प्रकशन गरेको सूचनामा छुटको सुविधा प्राप्त गरेको छैन। अत: समान्य बजार दर बमोजिम छुटको सुविधा लिई खर्चमा मितव्ययीता अपनाउनु पर्ने तर्फ ध्यानाकर्षण हुनु पर्दछ।

११. **पत्रपत्रिका र छपाई खर्च:-** सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को ६ (२) बमोजिम सरकारी खर्चमा शुभकामना कार्ड छपाई गर्न तथा शुभकामना सन्देश प्रकाशन तथा प्रशारण गर्न पाइने छैन। सूचना तथा प्रशारण विभाग बाहेक अन्य सरकारी निकायले क्यालेण्डर र डायरी छपाई गर्न पाउने छैन भन्ने व्यवस्था भएता पनि कार्यालयबाट विजय दशमी तथा शुभ दिपावाली तथा नयाँ जनप्रतिनिधिहरुलाई

CamScanner

शुभकामना प्रकाशन गरेको र शिक्षा शाखा अन्तर्गत विभिन्न मितिमा शिक्षक डायरि र क्यालेण्डर छपाई गरि खर्च लेखिएकोमा मापदण्ड बमोजिम त्यस्तो कार्यमा खर्च नियन्त्रण गर्नुपर्दछ ।

२. **बैठक भत्ताको मापदण्डः-** प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ को ३(ङ) बमोजिम प्रचलित कानून अनुसार बैठकमा अतिरिक्त विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढिमा तीन जना आमन्त्रित सदस्यका रुपमा राख्न सकिने व्यवस्था रहेकोमा यस पालिकामा गठन भएको विभिन्न समितिहरुको बैठकमा तीन जना भन्दा बढि आमान्त्रित बसि बैठक भत्ता बुझिलिएकोले नियमानुसार यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

३. **अन्य निकायको खर्चः-** गाउँसभाबाट पारित बजेट तोकिएको कार्यमा मात्र खर्च गर्नुपर्ने हुँदा अन्य निकायबाट भएका खर्चको बिल भुक्तानी गर्नुहुदैन । यो वर्ष गाउँपालिकाले देहायको गोश्वारा भौचर र मितिबाट देहायको कार्यालयहरुबाट खर्च गरि पठाएको बिलहरुको भुक्तानी गरेको छ ।

गोश्वारा भौचर र मिति	विवरण	रकम
४३-२०७८।६।१५	नेपाल पूर्व प्रहरी संगठनको भवन मर्मत	५००००
५८-२०७८।६।२१	सर्वजित राउत विन (अस्थायी पोष्ट फुर्केखोला) -१०००० , शिवराम घिमिरे (अस्थायी प्रहरी पोष्ट बुङचुङ) – १०००० । र हरेन्द्र राउत कर्मी (प्रहरी चौकी सिद्धलेक) -१५००० का दरले विविध कार्यक्रम खर्च वापत	३५०००
१८२/०७८।९।२१	हरिचन्द्र भण्डारीलाई नेपाल क्रान्तिकारी ट्रेड युनियनलाई कार्यक्रम संचालन गर्न	१००००
३१७/०७८।१२।६	नेपाल आदिवासी जनजाति पत्रकार महासंघको कार्यक्रम	१५०००
३३७-०७८।१२।१६	अस्थायी प्रहरी चौकी फुर्केखोलाको पानी तथा बिजुली खर्च	१२०००
३३७-०७८।१२।१६	नलाङ प्रहरी चौकीको सवारी साधन मर्मत खर्च	७५५०
४०४- २०७९।०१।२२	अस्थायी प्रही पोष्ट (शिवराम घिमिरे) सवारी साधन मर्मत खर्च	७०००
	जिल्ला प्रहरी कार्यालयको गाडी मर्मत	७५०००

अन्य थुप्रै निकायहरुको खर्च रकम पालिकाबाट हुने गरेकोले यस्ता कार्यमा खर्च नियन्त्रण गर्नुपर्दछ ।

. **सवारी साधान भाडाः-** गाउँ कार्यपालिकाबाट गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई सवारी साधान प्रयोग गरे वापत मासिक १० लिटर र फिल्डमा खटिने कर्मचारीलाई आवश्यक्ता अनुसार प्रमुख प्रशासकीय अधिकृतको स्वीकृतिमा थप इन्धनको व्यवस्था रहेकोमा विभिन्न योजना तथा कार्यक्रमको अनुगमनमा सवारि साधान भाडामा भनि कर्मचारी र जनप्रतिनिधिहरुले विविध मितिमा सवारी साधान भाडामा लिएको भनि ५ लाख भन्दा बढिको भुक्तानी भएकोले पालिकालाई थप व्यायभार परेको देखिन्छ ।

. **बढि भुक्तनीः-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावाली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवर व्यक्तिले सरकरी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट निम्नानुसारको भौचर परिक्षण गर्दा निम्नानुसारको व्यहोरो देखियो ।

- ५४५-०७९।३।१९ गापा भित्रको आ.वि. तहका प्र.अ.हरुलाई प्र.अ. व्यवस्थपन सम्बन्धि आवशिय तालिम संचालन गर्न दररेट माग गरि सबैभन्दा कम दररेट पेश गर्ने रिभर पार्क विच रिसोर्ट प्रा.लि.लाई कार्यलयले भ्याट सहित रु ४३१६६० मा कार्यदेश दिएकोमा ४४८०१६।७४ रुपैयाँको बिल पेश भई सोहि बमोजिम भुक्तानी भएकोले बढि भुक्तानी भएको रकम रु १६३५७ रुपैयाँ असुल गर्नुपर्ने । १६३५७
- ५५३-०७९।३।२० सभा संचालन खर्च शीर्षकबाट स्वीकृत भएको दररेट अनुसार नारायण व्याग उद्योगलाई कर योग्य आय रकम रु १३६००० को अग्रिम आय कर रु २०४० कट्टा गरि भुक्तानी दिनुपर्नेमा रु २०४

रुपैयाँ मात्र कट्टा गरि भुक्तानी दिएकोले बढि भुक्तानी भएको रकम रु १८३६ रुपैयाँ असुल गर्नुपर्ने । १८३६

६. **पदाधिकारी भत्ता बढि भुक्तानी:-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावाली, २०७७ को नियम ३९ (१०) मा जिम्मवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पदाधिकारीहले मासिक बैठक भत्ता बापतको रकम बुझ्न बैठकमा अनिवार्य उपस्थिति भई हस्तक्षर भएको हुनुपर्दछ । गापाका तपशिलका पदाधिकारीहरुले निम्न मितिमा हस्तक्षर नगरि बैठक भत्ता बुझिलएको देखियो । तसर्थ बढि भुक्तानी भएको रकम असुल गर्नुपर्दछ । ६८००

क्र. सं.	पदाधिकारीको नाम	वडा	गो.भौ.नं मिति	हस्तक्षर नभएको मिति	बढि भुक्तानी भएको रकम
१	लक्ष्मी बराम	२	२२५-०७८।१०।०३	०७८।८।५	८५०
२	दिल बहादुर घले	५	४२७-०७९।२।१६	०७८।१०।९,२८ ०७८।११।१०, १३,३०	४२५०
३	बद्रि प्रसाद अर्याल	२	५२७-०७९।३।१६	०७८।१०।२६	८५०
४	सरिता रोक्का	७	५२६-०७९।३।१६	०७९।३।१२	८५०

७. **प्रमाण पेश गर्नुपर्ने :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावाली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट देहायको मिति र भौचरबाट भुक्तानी दिएको भौचरको लेखापरिक्षण गर्दा निम्नानुसारको विवरण देखियो ।

- २५६-२०७८।१०।२३ गतेको गो.भौ.बाट चक्र महाकालि आवि र जलेश्वरी आ वि लाई प्रति विद्यालय रु २ लाखका दरले कुल रु ४ लाख रकम अनुदान बापत भुक्तानी भएकोमा उक्त अनुदान कुन प्रयोजनको लागि दिएको हो र अनुदान बापतको रकमको कार्य प्रगति प्रतिवेदन पेश गरेको देखिएन । तसर्थ प्रतिवेदन संलग्न गरि खर्च नियमित गर्नुपर्ने । ४००००।
- ४२६/०७९।२।१६ सबै विद्यालयलाई इन्टरनेटको पहुँच तथा फ्रि वाईफाई व्यवस्थापन जडान तथा रिचार्ज समेत भनि पि.डि.एस. सर्भिसलाई प्रति विद्यालय भ्याट बाहेक रु १७६०० का दरले कार्यदेश बमोजिम काम सम्पन्न भएको भनि भ्याट सहित ४७ विद्यालयको एकमुष्ट रकम रु ९,३४,७३६ को नियमानुसार करकट्टी गरि भुक्तानि दिएको यस भौचरमा सबै विद्यालयमा जडान भई संचालन भएको र विद्यालयको जिन्सी किताबमा दाखिला भएको भर्पाई वा खर्च प्रमाणित गर्ने कुनै कागजात संलग्न भएको देखिएन तसर्थ आवश्यक प्रमाण संलग्न गरि खर्च नियमित गर्नुपर्ने रकम रु ८९००६७ । ८९००६७

८. **प्रमाण पेश गर्नुपर्ने :-** ४८४/०७९।३।८ सिद्धेश्वर मा वि ,कालिकादेवी आ वि फाले र सत्यवति मा वि लाई कार्यविधि वेगर अक्षयकोषमा रु १५००००का दरले जम्मा रु ४५०००० अनुदान दिएकोमा कार्यविधि पेश गरि खर्च नियमित गर्नुपर्ने । ४५००००

संघीय सरकार चालु

९. **निकासा खाता:-** गाउँपालिकाले प्रत्येक विद्यालयलाई निकासा गरिने रकमको विद्यालयगत निकासा अभिलेक खाता तयार गरि भुक्तानी दिनुपर्ने देखियो ।

शिक्षक विद्यार्थी अनुपात:- शिक्षा नियमावली २०५९ को नियम १२ (क) मा सामुदायिक विद्यालयहरु एक आपसमा गाभिनको लागि उक्त नियमावलीको नियम ७७ बमोजिम हिमाली जिल्ला प्रति कक्षा विद्यार्थी संख्या ४५ जना नभएको खण्डमा आपसमा गाभ्न सकिने व्यवस्था रहेको छ । गाउँपालिका मातहतमा रहेको ४७ वटा अधिकाँश सामुदायिक विद्यालयको शिक्षक विद्यार्थि अनुपात ४० भन्दा न्युन रहेको हुँदा नियममा भएको व्यवस्था अनुसार एक आपसमा गाभि शिक्षाको गुणस्तरमा बृद्धि गराउनुपर्दछ ।

सहभागी, प्रशिक्षक र यातायात भत्ता:- अर्थ मन्त्रालयद्धारा जारी कार्य संचालन निर्देशिका २०७५ को आठौं संशोधनको बुँदा नं ७ अनुसार कार्यक्रम संचालन गरि चालु खर्चमा मितव्ययी कायम गर्नुपर्नेमा कार्यालयको विभिन्न कार्यक्रमहरु उक्त निर्देशिका भन्दा बढि दरमा संचालन गरिएको देखिन्छ । तसर्थ कार्यालयले कार्यसंचालन निर्देशिका तयार गरि लागु गर्नुपर्ने देखिन्छ ।

औषधि खरिद: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क)मा बीस लाख रुपैयाँ सम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरि तोकेको बिक्रि मुल्यमा सोझौ खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले खरिद गरेको औषधिहरुको उत्पादक कम्पनी र मुख्य राष्ट्रिय पत्रिकामा प्रकाशन गर्नुपर्ने, आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने, औषधि उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरि सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने तथा उक्त औषधि बिक्रिको लागि होइन भनि खुलएको प्रमाण समावेश गर्नुपर्ने, आपूर्ति भएका औषधि एवम् सर्जिकलसमान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए नभएको खुलाई औषधिको गुणस्तर र म्याद सम्बन्धि यकिन हुने कागजात संलग्न गरि श्रेस्ता नियमित गर्नुपर्नेमा सो गरेको देखिएन ।

तसर्थ औषधि खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरि अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसार कै औषधि प्राप्त भएको नभएको एकिन गरि हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरि अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरुको जिम्मेवारी सारी अभिलेख व्यवस्थित गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

बढि भुक्तानी:- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावाली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । स्वस्थ्य संस्थाबाट संचालन भएको देहायको कार्यक्रम लेखा परिक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

- ३८/०७८।९।२ न्युनतम सेवा मापदण्ड कार्यक्रम संचालन तथा सुदृढिकरण कार्यक्रम र आँखा कान नाक घाँटी र मुख स्वास्थ्य सम्बन्धी अभिमुखिकरण कार्यक्रममा स्वास्थ्य संयोजक राम प्रसाद सिलवालले प्रशिक्षण बापत ६ दिनको १८ सेसनको एकमुष्ठ रु १२६०० लिएको भर्पाईमा यातायात बापत ६ दिनको ७०० का दरले ४२०० बुझिलिएकोमा पुन: १२ दिनको ७०० को दरले ८४०० बुझेको भर्पाई संलग्न गरिएकोमा एउटै कार्यक्रममा दोहोरो यातायात भत्ता बुझिलिएकोले असुल गर्नुपर्ने रकम रु ८४०० । र ९४२०० को खाजा नास्ता भनि भर्पाई संलग्न गरि भुक्तानी लिएकोमा करमा दर्ता भएको पसलबाट कारोबार गर्नुपर्ने । ८४००

४४. **अनुदान निकासा:-** देहायका विद्यालयहरुलाई पुस्तकालय स्थापना, विज्ञान प्रयोगशाला र आक्षसिटि स्थापनाको लागि विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान शर्च शीर्षकबाट गो.भौ.नं. ५४ मिति २०७८।९।३० बाट रु ४५ लाख ५० हजार रुपैयाँ अनुदान निकासा भएकोमा ती विद्यालयले खरिद ऐन नियमको पालन गरि सामाग्री खरिद गरि पुस्तकालय, आइसिटि र विज्ञान प्रयोगशाला स्थापना गरेको प्रमाण संलग्न नभएकोले गाउँपालिकाबाट निकासा भउको रकमको अनुगमन प्रतिवेदन तथा प्रमाण कागजात पेश गरि खर्च मितव्ययी बनाउनुपर्ने। — ४५५०००।००

विद्यालयको नाम	शिर्षक	निकासा रकम
मिन्दुका मा वि बैरेनी	विज्ञान प्रयोगशाला	६५००००
नलाङ मा वि चरिमारे	पुस्तकालय व्यवस्थापन	६५००००
सिद्धेश्वर मा वि ठाँटि भञ्याङ	विज्ञान प्रयोगशाला	६५००००
अमर आदर्श मा वि डुमिडाँडा	आईसिटि प्रयोगशाला	६५००००
पञ्चमुखी मा वि मैदान	आईसिटि प्रयोगशाला	६५००००
अकलादेखी मा वि कमलावारी	विज्ञान प्रयोगशाला	६५००००
जलेश्वरी मा वि सलाङघाट	विज्ञान प्रयोगशाला	६५००००

प्रमाण पेश गर्नुपर्ने :- १९७/०७९।३।२२ **Learning by earning** कार्यक्रम संचालनका लागि सत्यवति मा.वि.लाई रु १० लाख अनुदान दिएकोमा उक्त कार्यक्रमको प्रगति प्रतिवेदन संलग्न गरि खर्च नियमित गर्नुपर्ने। — १००००००।००

प्रमाण पेश गर्नुपर्ने :- २०८/०७९।३।२४ पशु आहार मिसन कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा आवश्यक विभिन्न विरुवाहरु खरिद गरे वापत निलकण्ठ लाइभस्टक पोल्ट्री एण्ड विज भण्डारलाई कुल रु ३६१३०० को करकट्टी गरि भुक्तानी भएको यस भौचरमा संलग्न कागजात परिक्षण गर्दा देहायको व्यहोरा देखियो।

- वडागत रुपमा कुन कुन विरुवा कति मात्रमा माग आएको सो कुरा एकिन हुने कागजात।
- मण्डली एकीकृत कृषि फर्मको करचुक्ता २०७६।७७ को संलग्न भएको ।
- कार्यालयबाट २०७९।३।५ गते ३ दिन भित्र कार्य सम्पन्न गर्नु भनि कार्यदेश दिएकोमा २०७९।३।१७ गते बिल पेश भई २०७९।३।२२ गते दाखिला भएको।

प्रदेश सरकार चालु

प्रमाण पेश गर्नुपर्ने :- १८/०७८।१०।१३ न्युनतम सेवा मापदण्ड सुधारका लागि सलाङ, नलाङ र कुम्पुर स्वास्थ्य चौकिलाई १ लाखको दरले कुल रु ३ लाख अनुदान दिएकोमा उक्त रकम बराबरको कार्य सम्पन्न प्रतिवेदन पेश भएको देखिएन। तसर्थ कार्य प्रगति प्रतिवेदन संलग्न गरि खर्च नियमित गर्नुपर्ने। — ३०००००

गापा पुँजिगत

हेभि इक्विपमेण्टको प्रयोग: - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट संचालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर,रोलर, ग्रेड जस्ता हेभि मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभि मेसिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनि उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। त्यस्तै

CamScanner

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समितिले आफुले पाएको काम आफै सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायीबाट गराउन नसकिने व्यवस्था रहेको छ । गाउँपालिकाको उपभोक्ता समितिबाट गरेका विभिन्न योजनाहरुमा व्यवसायीबाट गराई भाडा र मेसिन प्रयोग गरे वापतको इन्धनको बिल पेश गरि भुक्तानी लिएको पाइयो । यसरी उपभोक्ता समितिबाट गर्ने कार्य सार्वजनिक खरिद नियमावली अनुसार गर्न गराउन तर्फ कार्यालयले विशेष ध्यान दिन आवश्यक देखिन्छ ।

उपभोक्ता समिति:- यस गाउँपालिकाको आ.व. २०७८।७९ मा उपभोक्ता समितबाट संचालित विभिन्न योजनाहरुको लेखा परिक्षण गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही सामुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययी, गुणस्तरीयता वा दिगोपन अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारको सृजना गर्ने र लाभग्राही सामुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही सामुदायबाट तोकिए बमोजिमको कार्यविधि पूरा गरि त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने भन्ने व्यवस्था भएकोमा उक्त विषय स्पष्ट नगरेको र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ विपरित जटिल प्रविधिक पक्ष समावेश हुने कार्य समेत उ.स. मार्फत गराउने, सार्वजनिक सुनुवाई तथा अनुगमन फारमका विवरण पूर्ण रुपमा नभरिएको, त्यसै नियमावलीको नियम १२५ (२) अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने, नियम ११५ (१) अनुसार गुणस्तर परिक्षण गर्ने गराउने नपाइएकोले सो कार्यमा कार्यालयले ऐन नियममा व्यवस्था भए बमोजिमको कार्य गर्न गराउने गर्नुपर्दछ ।

जटिलसंरचना निर्माण:- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममुलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ ।पालिकाले जटिल प्रविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ ।

जस्तै:

क्र.सं	योजनाको नाम	सम्पन्न काम
१	ईर्जु डिपवोरिङ खानेपानी	६०,१२,०९०.१६
२	कुटीडाँडा डिपवोरिङ	४८,७४,३९८.९०

बढि भुक्तानी:- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावाली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवर व्यक्तिले सरकरी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाको देहायको भौचर लेखा परीक्षण गर्दा निम्नानुसारको फर्मलाई बढि भुक्तानी भएको देखियो । २७३१५

भौ. नं /मिति	फर्म/उ.स. को नाम	करयोग्य रकम	शीर्षक	कट्टा हुनुपर्ने रकम	कम कट्टा भएको रकम
२१०/०७८।१२।१६	ग्रोवेटार साना सिंचाई योजना उ.स	१९५००	बहाल कर	१९५०	१९५०
२८२/०७९।१।२३	घर्ती गाउँ महाकाली कोल्डाँडा सडक उ.स.	७२५००	बहाल कर	७२५०	७२५०
३१०/०७९।३।१	सत्संगको लागि ट्रस निर्माण उ.स.	६४४३५	अग्रिम आय कर	१०२७	९२४
३१२/०२९।३।२	फ्लाई अप टेक्नोलोजी प्रा.लि	४४०८००	मु.अ.कर	१७१९१	१७१९१

१२. विद्युत पोल तथा तार व्यवस्थापन तथा सामुदायिक विद्युत विस्तार खर्च शीर्षकबाट भौ नं १०० मिति ०७८।१०।०५ गते नेपाल विद्युत प्राधिकरण धादिङ लाई ७२ लाख अनुदान दिएकोमा निवेदन र कार्यालयको चिट्ठी मात्र संलग्न भएको देखियो। उक्त योजना अन्तर्गत कुन कुन स्थानमा पोल तथा तार विस्तार गर्ने, के कति खर्च भयो के कति बाँकी रहेको सो प्रमाणित गर्ने कुनै कागजात संलग्न छैन। तसर्थ उक्त आवश्यक कागजात संलग्न गरि खर्च नियमित गर्नुपर्ने। — ७२०००००।००

संघीय सरकार पुँजिगत

१३. **बढि भुक्तानी:-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकको तपशिलको भौचर नं र मितिमा देहायको उ स लाई बढि भुक्तानी भएकोले बढि भुक्तानी भएको रकम असुल गर्नुपर्दछ। — १६६४५

भौ. नं /मिति	फर्म/उ.स. को नाम	करयोग्य रकम	शीर्षक	कट्टा हुनुपर्ने रकम	कम कट्टा भएको रकम
३७/०७९।३।२२	ढेवालेक पर्यटन पूर्वाधार निर्माण उ.स.	१६६४५०	बहाल कर	१६६४५	१६६४५

४. केन्द्रबाट छनोट भएका नमुना विद्यालय, विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तरोन्नति भएका प्राविधिकधार विद्यालयको ल्याव व्यवस्थापन अनुदान खर्च शीर्षकबाट सत्यवति मा वि सिद्धलेक ७ आदमटारलाई भौचर नं ४० मिति २०७९।३।२२ गते कुल रु ७५००००० अनुदान दिएकोमा गापा र विद्यालय बीचको सम्झौता, कार्यक्रम कार्यन्वयन पुस्तिका र बजेट विवरण मात्र संलग्न भएको देखियो। उक्त अनुदान रकम कार्यक्रम कार्यविधि अनुसार खर्च भयो या भएन सो कुरा एकिन गर्ने कुनै कागजात संलग्न नभएकोले कार्यक्रम कार्यन्वयन प्रतिवेदन संलग्न गरि खर्च नियमित गर्नुपर्ने। — ७५००००० ।

५. **अनुदान निकासा:-** देहायका विद्यालयहरुलाई आईटी ल्याब व्यवस्थापना, सुदृढिकरण एवम् डिजिटल लाईब्रेरी व्यवस्थापनका लागि अनुदान खर्च शीर्षकबाट गो.भौ.नं. ३० मिति २०७९।३।२० बाट रु ७८ लाख रुपैयाँ अनुदान निकासा भएकोमा ती विद्यालयले खरिद ऐन नियमको पालन गरि सामाग्री खरिद गरि पुस्तकालय र आईटी ल्याव स्थापना गरेको प्रमाण संलग्न नभएकोले गाउँपालिकाबाट निकासा भएको रकमको अनुगमन प्रतिवेदन तथा प्रमाण कागजात पेश गरि खर्च मितव्ययी बनाउनुपर्ने। — ७८०००००।००

क्र सं	विद्यालयको नाम	निकासा रकम
१.	नलाङ आ वि -२ सुन्दरपानी	६५००००
२.	कुम्पुर आ वि -६ कुम्पुरभञ्याङ	६५००००
३.	नलाङ पात्ले मा वि -२ खिर्रे	६५००००
४.	पञ्चमुखि मा वि- ३ मैदान	६५००००
५.	महाकाली मा वि- ७ पिपलटार	६५००००

CamScanner

६.	बागबच्छला मा वि -५ चेक्वाड	६५००००
७.	नलाड मा वि -१ चरिमारे	६५००००
८.	जलेश्वरी मा वि -४ सलाडघाट	६५००००
९.	मिन्दुका मा वि -१ बैरेनी	६५००००
१०.	अमर आदर्श मा वि -३ डुमीडाँडा	६५००००
११.	कालिका देवि मा वि -४ आरुवास	६५००००
१२.	सिद्धेश्वर मा वि -२ नलाड ठाँटीभञ्याड	६५००००

विपद् व्यवस्थापन

५६. **समिति गठन:-** विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ (१) बमोजिम प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढिमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गरि विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) बमोजिम स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद/कार्यकारी/प्रदेश विपद व्यवस्थापन कार्यकारीबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरि स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरि कार्यन्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रति कार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्थापन गर्ने, ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र संचालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घर परिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अधिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरि लागु गर्ने गराउने सम्बन्धी व्यवस्था रहेकोमा पालिकाले यस तर्फ कुनै कार्य गरेको देखिएन। तसर्थ यथासिघ्र पालिकाले विपद् व्यवस्थापन समिति गठन गरि ऐन बमोजिमको कार्य गर्नुपर्ने देखिन्छ।

५७. **स्थानीय तह प्रकोष व्यवस्थापन कोष:-** विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३ मा विपद् व्यवस्थापनको लागि स्थानीय तहमा एक विपद् व्यवस्थापन कोष रहने र कोषमा रहेको रकमको संचालन सम्बन्धि स्थानीय तहले बनाएको नियम बमोजिम हुने व्यवस्था गरे अनुसार यस गाउँ पालिकाको प्रकोप व्यवस्थापन कोषको आर्थिक वर्ष २०७८।७९ को वित्तीय विवरण निम्नानुसार रहेको देखियो।

सि.नं.	खर्च शीर्षक	जम्मा बजेट	खर्च बजेट	मौज्दात	प्रतिशत
१	आन्तरिक श्रोत	२४४४३००	२३५७३९८	८६९०२	९६
२	अन्य सामाजिक सुरक्षा	२८४३००	२६४३००	२००००	९३
३	छात्रवृति	१०००००	१०००००	०	१००
४	उद्दार राहत तथा पुनस्थापना खर्च	२१००००	२१००००	०	१००
५	अन्य सामाजिक सहायता	३२०००	३२०००	०	१००
६	सडक तथा पुल निर्माण	२५००००	२३८०२९	११९७१	९५
७	खानेपानी संरचना निर्माण	१५००००	१५००००	०	१००
८	अन्य सार्वजनिक निर्माण	१३०००००	१२५८०२२	४१९७८	९७
	निर्मित भवनको संरचनात्मक	११८०००	१०५०४७	१२९५३	८९

CamScanner

९	सुधार				
	जम्मा	४८८८६००	४७१४७९६	१०६९०२	९६

धरौटी तर्फः- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावाली २०६४ को नियम ६२ मा भएको व्यवस्था बमोजिम यस सिद्धलेक गाउँपालिकाको आर्थिक वर्ष २०७८।७९ को धरौटी खाताको विवरण देहाय बमोजिम रहेको छ।

गत आ.व. को मैज्दात रकम	चालु आ.व. मा प्राप्त रकम	जम्मा रकम	पछर्यौट भएको धरौटी रकम	बाँकी रकम	कैफियत
१०४२३१२२	८९६१६००	१९३८४७२२	४९४१७७०	१४४४२९५२	

पेश्की तर्फः- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावाली, २०७७ को नियम ४७ (२) मा सरकारी कामकाजको लागि लिएको पेश्की १५ दिन भित्रमा फछर्यौट गर्नुपर्ने व्यवस्था गरिएको छ भने सोहि नियमावालीको नियम ५२ मा सरकारी कामकाजको लागि दिएको पेश्की सोही आ.व.मा फर्छौट हुन नसकेमा कार्यालय प्रमुखले पेश्की लिने पक्षको आवश्यक विवरण उल्लेख गरि पेश्की बाँकीको विवरण प्रमाणित गरि राख्नुपर्ने व्यवस्था छ। पालिकाको विभिन्न कार्यक्रमको लागि लिएको पेश्की समयमा नै फछर्यौट गरेको देखिएन। तसर्थ नियमानुसार समयमा नै पे.फ. गर्ने तर्फ सुधार गर्नुपर्ने देखियो। यस आ. व. मा म्याद नाघेको पेश्की रु ९८९४५० रहेको छ। पेश्की फर्छौट नियमानुसार समयमै गर्नुपर्दछ।

तपशिलः

सि.नं.	पेश्की लिने व्यक्ति फर्म वा कम्पनी नाम	पेश्की रकम	कैफियत
१	एस एस एन कन्स्ट्रक्सन प्रा. लि.	७०००००	
२	मैदि ग्रामिण विद्युत सहकारी संस्था लि.	२८९४५०	
	जम्मा	९८९४५०	

९८९४५०